# प्रेस विज्ञप्ति

पत्रकार मित्रहरु

स्थानीय तहको निर्वाचन सम्पन्न भई वीरगंज महानगरपालिकामा मेरो नेतृत्वमा निर्वाचित जनप्रतिनिधीहरुले पदभार ग्रहण गरेको आज एक बर्ष पुरा भएको छ। वीरगंजलाई समृद्ध र आत्मनिर्भर महानगर वनाउने हाम्रो अभियानलाई साथ, समर्थन र सहयोग दिनु हुने सम्पूर्ण नगरवासीहरुप्रति यस अवसरमा कृतज्ञता ज्ञापन गर्दछु। लामो समयदेखि जनप्रतिनिधिबिहीनताको अवस्थामा रहेको महानगरपालिकालाई ब्यवस्थित गर्न निकै प्रयत्न र समय खर्चनु परेको छ । हामीले पदभारग्रहण गर्दाको अवस्थामा महानगरपालिकाको आन्तरिक राजश्व १४ करोड मात्र थियो भने महानगरपालिकाको विगतका आर्थिक बर्षहरुको सञ्चित दायित्व करिब २६ करोड पुगेको थियो। वीरगंजमा संचालित वैदेशिक सहयोग तथा आन्तरिक ऋणतर्फका परियोजनामा महानगरपालिकाले ब्यर्होनु पर्ने म्याचिङ फन्ड समेत ब्यवस्था गर्न नसक्दा परियोजना असफल हुने हो की भन्ने अवस्था सिर्जना भएको थियो। वीरगंज उपमहानगरपालिकाबाट महानगर घोषणा गर्दा ५ वडा थपिए तर पछिल्लो पटक थपिएका ११ वटा ग्रामीण वडाहरुमा समेत साविककै जनशक्तिबाट सेवा प्रवाह गर्नुपर्ने अवस्था रह्यो। आवश्यक जनशक्ति, कार्यालय भवन र अन्य भौतिक पूर्वाधारको अभावका कारण नागरिकलाई भरपर्दो र प्रभावकारी सेवा दिन सकिएको अवस्था पनि थिएन।

*१.१ जनशक्तिको परिदृश्य*

अझै पनि नेपाल सरकारले महानगर घोषणा गरेपछि दिनु पर्ने आवश्यक जनशक्ति, स्रोत र साधन उपलब्ध गराउन सकेको छैन। महानगरपालिकामा एक जना सहसचिव, ९ जना उपसचिव र ७१ जना शाखा अधिकृतको दरवन्दी रहेकोमा आजका मिति सम्म नेपाल सरकारले एक जना सहसचिव, एक जना उपसचिव र ५ जना शाखा अधिकृत मात्र पठाएको छ।स्थानीय तहमा विगत देखि कार्यरत १८ जना अधिकृतस्तरका कर्मचारीहरु र निजामतितर्फका अधिकृत समेत गर्दा पनि अझै ७२ प्रतिशत अधिकृतस्तरको जनशक्ति रिक्त रहेको छ। यस्तो अवस्थामा महानगरपालिकाले लिएको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै आम नगरवासीलाई घरदैलोमा पुगेर सेवा दिन सकिएको छैन। महानगरका ९ वटा महाशाखा प्रमुखको रुपमा उपसचिवहरु तथा वडा कार्यालयहरुमा सचिवको रुपमा शाखा अधिकृत सहितको ७ जनाको दरबन्दीको ब्यवस्था भएपनि वीरगंज महानगरपालिका अधिकांश वडाहरुमा एकजना मात्र कर्मचारीबाट काम लिनु परेको अवस्था छ।जसले गर्दा वडाको बजेट वडावाटै परिचालन गर्न र अनलाइन प्रणालीबाटै जनताले घरदैलोमा राजस्व बुझाउन सक्ने व्यवस्था गर्न र अनलाइन पञ्जीकरण सेवा दिन सकिएको छैन। कतिपय

महाशाखाहरु एकजना अधिकृतको भरमा मात्र चलाउनु परेको र एकजना अधिकृतले तीनवटा सम्म शाखाको जिम्मेवारी लिनुपरेको अवस्था छ।

### *१.२ आर्थिक स्रोत परिचालनको परिदृश्य*

वीरगंज महानगरपालिकाको आन्तरिक आयमा एक दशक देखि खासै बृद्धि हुन सकेको देखिदैन। बर्षौ देखि करका दर र दायरालाई फराकिलो वनाउन नसकेको अवस्थामा पहिलो नगर सभाबाट ठोस नीति तथा कार्यक्रम ल्याईए पनि वजेट र पर्याप्त तयारीको समयको अभावका कारण नगरसभाले पास गरेको नीति अनुसारको कार्यक्रमहरु कार्यान्वयन गर्न सकिएन। दोस्रो नगरसभाबाट आन्तरिक राजश्वलाई ७४ करोड पुऱ्याउने लक्ष्य साथ नीति तथा कार्यक्रमहरु नगरसभाबाट सर्वसम्मत रुपमा पास गरिएपनि वजेट कार्यान्वयन नहुँदै विरोधका स्वरहरु वाहिर आउन थाल्यो। यसमा विभिन्न संघसंस्था तथा राजनीतिक दलहरुले विरोध जनाएपछि सर्वपक्षीय भेलाको सुझाव अनुसार दोस्रो नगरसभाले गरेको निणर्यलाई संशोधन गर्दै तोकिएको करका दरहरुमा हेरफेर गरी वजेट तथा कार्यक्रमलाई परिमार्जन गर्दै विशेष नगरसभाबाट निणर्य लिनु पर्ने परिस्थिति सृजना भयो। यस परिस्थितिमा पनि पर्सा जिल्लाका कतिपय निकायले नगरसभा नै गर्न नसकिरहेको अवस्थामा संविधानले तोकेको समयमै नगरसभा सम्पन्न गरी नगरसभाको निर्णयमा उठेका सवालको सम्बोधन समेत आर्थिक बर्ष शुरु भएको तीन हप्ताभित्रै विशेष नगरसभाबाट सम्बोधन गर्ने पहिलो स्थानीय तहको रुपमा महानगरपालिकाले नजिर स्थापित गरेको छ।

कानुनतः स्थानीय सरकारले लिने वातावरणीय तथा प्रदुषण शुल्कमा संघीय सरकारबाट पनि अवरोध सिर्जना भयो जसका कारण चालु आर्थिक बर्षका लागि अनुमानित गरिएको आन्तरिक आयमा १७ करोड कम हुने देखिन्छ। त्यसै गरी एकिकृत घर जग्गा÷सम्पत्ति कर लगायत अन्य शुल्क तथा दस्तुरहरुमा प्रभाव पर्ने गरी विशेष नगरसभाबाट जग्गाको मूल्यांकन र अन्य कर, शुल्क तथा दस्तुरहरु घटाइएको हुँदा आन्तरिक आयमा थप ९ करोडले कमी आई अनुमान गरिएको रु ७४ करोड आन्तरिक राजश्वमा करिव रु. २६ करोड घट्न गई चालू आर्थिक बर्षमा समेत महानगरपालिकाले तर्जुमा गरेका योजनाहरुको कार्यान्वयन गर्न कठीन हुने अवस्था सिर्जना भएको छ जसले गर्दा नगरस्तरीय योजनामा बजेट बिनियोजन गर्न सकिएको छैन।

### *१.३ स्रोत बिनाको सेवा प्रवाहको बढ्दो दायरा*

आम नागरिकहरुको प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय तह हो। स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यलाई गुणस्तरीयता एवं परिणाममुखी वनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई महानगरपालिकाले उच्च प्राथमिकतामा राखेको छ। जिल्लास्तरीय विभिन्न विषयगत

कार्यालयहरुमार्फत विगतमा परिचालन भैरहेको साधनस्रोत महानगरपालिकामा प्राप्त नहुने तर दुई दर्जन बढी स्वास्थ्य संस्थाहरु करिब २०० विद्यालयहरु, १७० बढी सहकारी संस्थाहरु, महिला बालबालिका तथा समाजकल्याण सम्बन्धी कार्यक्रमहरु, कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमहरु, उद्योग व्यवसायको नवीकरण तथा नियमन, गैरसरकारी संस्था परिचालन, केन्द्रीय तथा प्रादेशिक सरकारको अनुदान अन्तर्गतका कार्यक्रमहरु समेत सञ्चालन गर्ने दायित्व महानगरपालिकामा सरेको अवस्थामा ती बिषयमा सेवा प्रवाह गर्ने अनुभवी जनशक्तिको अभाव, विधि तथा प्रकृयाका बारेमा समेत अन्योल रहेकोले सेवा प्रवाहमा अपेक्षित गुणस्तर कायम गर्न अझै केही समय लाग्ने देखिएको छ।

*१.४ अन्तरसरकारी समन्वय, कानूनी तथा कार्यविधिगत रिक्तता*

केन्द्रीय सरकारबाट अपेक्षित सहयोग र सहजीकरण नभएको बिषय माथि उल्लेख भैसकेको छ। साझा अधिकारका क्षेत्रमा स्पष्ट कार्यविभाजन नभएको, प्रदेश सरकारले बनाउनुपर्ने कानूनहरु समयमै नबनेको, कानून बनेका बिषयहरुको कार्यान्वयन संयन्त्र समेत नभएको अवस्थामा स्थानीय सरकारले उठाउनै पर्ने कर, शुल्क तथा दस्तुरहरु संकलन गर्न, राजस्व बाँडफाँडको रकम प्राप्त गर्न र मालपोत लगायतका कार्यालयले संकलन गरेको रकम समेत प्राप्त गर्न कठीन भएको अवस्थामा समन्वय, साझेदारी र सहकार्यको सिद्धान्त व्यवहारमा देखिन सकेको छैन। यो बिषय सर्वसाधारणलाई बुझाउन समेत सकिएको छैन।

यी सबै समस्याका बाबजूद धेरै बिषयमा उल्लेखनीय र उत्साहजनक कार्यहरु भैरहेका छन्।

*२.१ सुशासन तथा जनमुखी प्रशासन*

१. भ्रष्ट्राचारमा शुन्य सहनशीलताको नीति अखितयार गरिएको छ। जनतासँग वढी सरोकार राख्ने शाखाहरुलाई थप पारदर्शी र जवाफदेही बनाइएको छ।निगरानी संयन्त्र सुदृढ र प्रभावकारी बनाइएको छ। प्रशासनिक ढाँचामा परिर्वतन समेत गरी नागरिकका गुनासाहरुको सम्बोधन गरिएको छ।

२. प्रत्येक वडामा ७ जनाको दरबन्दी रहेता पनि कर्मचारीको अभावमा वडा कार्यालयहरुको अवस्थालाई मध्ये नजर गर्दै वडालाई दिइएको अधिकारको प्रयोग वडाबाटै गर्न आधारशिला स्थापना गर्ने उद्देश्यले २४ वटा वडामा थप कर्मचारीको व्यवस्था तथा सबै वडाका लागि फोकल प्वाइन्ट अफिसर र इन्जिनियर तोकिएको छ। नक्सा पास गर्ने कार्यमा देखिएका समस्या समाधान गर्न सबै इन्जिनियरहरुलाई वडा विभाजन गरी नक्सा पासको निश्चित सीमासम्म अधिकार प्रत्यायोजन गरी वडास्तरबाट कार्य सम्पादन भैरहको छ।

३. वीरगंज महानगरपालिका भित्र आम नागरिकलाई सूचना लिन सजिलो होस भन्ने उदेश्यले सुचना अधिकृत तोकिएकोछ। नागरिकका गुनासो सुन्ने र कसैले महानगरपालिका भित्रको

सुचना माग गरेमा कानुन वमोजिम प्रकृया पुरा गरि सूचना उपलब्ध गराइएको छ। पर्सा जिल्लाका स्थानीय तह र सरकारी कार्यालयहरुमध्ये सबैभन्दा बढी सूचनाको हक सम्बन्धी कानूनको पालन गर्ने स्थानीय तहको रुपमा वीरगंज महानगरपालिकालाई स्थापित गरिएको छ। सूचनाको हक अनुसार सूचना उपलव्ध गराउने काम गरिएको छ।

४. महानगरपालिकाको मोबाइल एप्लिकेशन तयार गरी सार्वजनिक गरिएको र त्यस मार्फत महानगरको सेवा प्रवाह सम्बन्धी जानकारीका साथै प्राप्त गुनासाहरुको सम्वोधन एप्लिकेशन महानगरको फेसबुक पेज र इमेलबाट समेत गर्ने व्यवस्था गरिएको छ।

५. नागरिकले लिने सेवासुविधा सहितको सूचना उपलब्ध गराउने उद्देश्यले महानगरपालिका र अन्तर्गतका वडाहरुमा नागरिक वडापत्र लागू गरी सकिएको छ ।

६. प्रत्येक महिनाको आय व्ययको विवरण वेव साइट र कार्यालयको सूचनापाटी मार्फत सार्वजनिक गर्ने कार्यको थालनीगरिएको छ।

७. बर्षौदेखि कार्यसम्पन्न भए पश्चात पनि भुक्तानी नपाएका वस्तु तथा सेवा प्रदायक र निर्माण व्यवसायीहरुको बाँकी पाउँनुपर्ने रकम भुक्तानी गरिएको छ।अवकाश प्राप्त कर्मचारीहरुको अवकाश पछिको भुक्तानीका सबै वक्यौताहरुको भुक्तानी दिइएको छ र वैदेशिक स्रोत तर्फका परियोजनाहरुको शुरुदेखि हालसम्मको म्याचिङ्ग फन्डको समेत भुक्तानी गरी महानगरप्रतिको विश्वास बढाउने र आर्थिक अनुशासन कायम गर्ने दिशामा महत्वपूर्ण कदम चालिएको छ।

८. अनावश्यक रुपमा वितरण हुने चन्दा र फजुँल खर्चमा रोक लगाइएको छ ।

९. वीरगंज महानगर पालिकाको सुशासन रणनीतिको मस्यौदा तयार गरिएको छ ।

१०. करदातामैत्री राजस्व प्रशासनका लागि राजस्व परिचालन रणनीति स्वीकृत गरिएको छ ।

११. महानगरपालिकामा समान पदमा रही समान काम तर असमान ज्याला पाइरहेका करारतर्फका कर्मचारीहरुको पारिश्रमिक उच्चतम पाइरहेकाहरुसँग बराबर गरी समान गरिएको छ ।

१२. कुचीकारलाई च्यामे, पोडे, डोम, च्यामे जस्ता अपमानजनक शब्दबाट संवोधन गर्ने गरिएकोमा कुचीकार पदनाम दिई प्रत्येक कर्मचारीको आत्मसम्मानको सुनिश्चितता गर्दै सामाजिक रुपान्तरणको प्रयास शुरु गरिएको छ।

१३. जोखिमपूर्ण क्षेत्रमा काम गर्ने सबै कर्मचारीहरुको वीमाको व्यवस्था गरिएको छ ।दमकल तर्फका कर्मचारीहरुलाई ३३ प्रतिशत थप भत्ताको व्यबस्था गरिएको छ ।

*२.२ शिक्षा तथा स्वास्थ्य*

१. सपथग्रहण पछिको पहिलो कार्यपालिकाको बैठकबाट वीरगंज महानगरपालिका भित्र संचालित सम्पूर्ण सामुदायिक विद्यालयमा अनिवार्य अंग्रेजी शिक्षा लागु गर्ने निणर्य गरिएकोमा वीरगंजका

सम्पूर्ण सामुदायिक विद्यालयमा कक्षा १ मा अनिवार्य अंग्रेजी विषयमा अध्यापन गराउने कार्य भैसकेको छ। आगामी शैक्षिक सत्रमा यसलाई निरन्तरता दिंदै माथिल्ला कक्षामा समेत क्रमशः अंग्रेजी माध्यमबाट पढाइ सञ्चालन गरिनेछ।

२. विद्यालयको पहुँच भन्दा वाहिर रहेका वालवालिकालाई विद्यालय भर्ना अभियानमार्फत दुई हजार भन्दावढीलाई विद्यालय भर्ना गरी पोशाक, जुत्ता, किताव, कापी, कलम र ब्याग समेत उपलब्ध गराउने कार्य प्रारम्भ गरिएको छ ।
३. सामुदायिक विद्यालयमा कक्षा ५ सम्मका वालवालिकालाई दिउँसोको खाजाको ब्यवस्थाका लागि वजेट व्यवस्थापन गरिएको छ। दशै पछि कार्यक्रम लागु गराईने छ ।
४. प्रत्येक सामुदायिक विद्यालयमा प्रारम्भिक वालविकास केन्द्रमा अंग्रेजी माध्यमबाट अध्यापन यसै शैक्षिक सत्र देखि शुरु भएको छ। विद्यालयमा विद्यार्थीहरु पठन पाठन प्रभावकारी रुपमा बढेको साथै शिक्षक तथा कर्मचारीहरुको नियमितता बढेको छ ।
५. प्रत्येक शिक्षकलाई प्रत्येक दिनको शिक्षण योजना बनाई प्रभावकारी शिक्षण गर्न शिक्षकलाई डायरी उपलव्ध गराईएको छ। शिक्षक कोठामा गरिने क्रियाकलापको टिपोट गर्न प्रत्येक कक्षामा विद्यार्थीलाई लगबुक उपलब्ध गराइएको छ ।
६. शैक्षिक सत्र २०७५ मा भर्ना हुने विद्यार्थीहरुलाई समयमै पाठ्यपुस्तक उपलव्ध गराइएको छ भने कक्षा १ मा अध्ययनरत दलित र गरिव वालवालिकालाई पोशाक र शैक्षिक सामग्री उपलव्ध गराउने प्रकृया जारी छ ।
७. यस महानगरपालिका भित्र कक्षा ८ सम्म अध्ययरत बीस हजार सातसय जना दलित र छात्राहरुलाई छात्रवृति उपलव्ध गराइएको छ ।
८. वीरगंज महानगरपालिकाको शिक्षा ऐन २०७४ र वीरगंज महानगरपालिकाको शिक्षा नियमावली, २०७४ स्थानीय राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेको छ ।
९. महानगरपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकि तथा बर्थिङ्ग सेन्टरहरुको पूर्वाधार विकास र स्तरोन्नतीको लागि वजेट ब्यवस्था गरिएको छ। स्वास्थ सेवालाई प्रभावकारी बनाउन बिभिन्न तालिमहरु सञ्चालन गर्नुका साथै अनुगमनलाई तीव्रता दिइएको छ।

### *२.३ महिला, वालवालिका, जेष्ठ नागरिक तथा समाजकल्याण*

१. मधेश आन्दोलनका शहीद परिवारका सदस्यहरु, घाईते एवं अपांग भएका ब्यक्तिका परिवारका वालवालिका र वाल विधुवा गरिव तथा जेहन्दार छात्र छात्राहरुलाई निशुल्क शिक्षाको लागि मेयर कल्याणकारी कोषको स्थापना गरिएको छ। यस कोषमा नगर

प्रमुखले कानूनतः पाउँने तलव, भत्ता वापतको रकम र अन्य संघ संस्थाबाट उपलब्ध गराईएको रकम समेत जम्मा गरिनेछ।

२. वीरगंज महानगरपालिकाले बाल संरक्षण तथा सम्बर्द्धन समिति र बाल हेल्पलाईनको लागि Resque Team को गठन समेत गरेको छ भने बाल हेल्पलाइनको लागि तयारी भैरहेको छ।

३. वीरगंज महानगरपालिका र युनिसेफको लगानीमा संचालित बाल संरक्षण तथा बाल श्रम न्युनिकरण कार्यक्रम अन्तर्गत निगरानी र न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन भएको छ ।

४. बहिराहरुका लागि सांकेतिक भाषा कक्षा र बृद्धहरुका लागि सम्मान कार्यक्रमको बजेट व्यवस्था गरिएको छ।

५. महानगरभित्रका शहीद परिवारलाई रोजगारी दिइएको र शहीद परिवारलाई निशुल्क उपचारको व्यवस्था गरिएको छ।

### *२.४ भौतिक निमार्ण तथा पर्यटन र पूर्वाधार विकास*

१. वीरगंज महानगरपालिका वडा नं. ३२ स्थित बौगी खोलाको छेउमा रहेको जग्गामा करिव ७० करोडको लागतमा वाटर पार्क तथा मनोरञ्जन पार्क निर्माण Boot System बाट सञ्चालन गरी कृषि पर्यटन प्रवर्द्धन गर्न आवश्यक प्रकृया अगाडी बढाइएको छ।

२. नगर क्षेत्रमा अब्यवस्थित रुपमा देखिएको ट्राफिक व्यबस्थित गर्न घण्टाघर ,पुरानो वसपार्क, मालपोत कार्यालय अगाडी, नयाँ बसपार्क लगाएतका ठाउँमा पे पार्किङ्गको व्यबस्था मिलाईएको छ। साथै नगरमा संचालित टेम्पोहरुलाई रुटका आधारमा संचालन गर्न रङ्ग तोकिएको छ। घण्टाघर देखि विर्तासम्म मेनरोडको पूर्व तर्फ एकलाईनमा मोटर साईकल पार्किङ गर्न लगाईएको छ ।

३. घण्टाघरको उत्तर तर्फ रहेको महानगरपालिकाको जग्गामा निर्माणाधीन पार्कबारे सर्व साधारणलाई जानकारी गराउने उद्देश्यले उक्त स्थानमा नक्सा सहितको होडिङ्ग बोर्ड लगाइएको छ।उक्त जमिनमा रु १२५ करोडको लागतमा भौतिक पूर्वाधार निमार्णका लागि आवश्यक प्रकृया अन्तिम चरणमा पुगेको छ ।

४. वीरगंज महानगरपालिका, वीरगंज उद्योग वणिज्य संघ, जिल्ला प्रहरी कार्यालय पर्सा, ग्रिन सिटी लगायत अन्य संघ संस्था सँग समन्वय गरी वीगंजको मुख्य शहरमा सिसि क्यामेरा जडान गर्न महानगरपालिकाले वीरगंज उद्योग वाणिज्य संघलाई १५ लाख रुपियाँ उपलव्ध गराएकोमा नगरका विभिन्न स्थानमा सिसि क्यामेरा जडान कार्य सम्पन्न भएको

छ।सुरक्षका दृष्टिकोणले थप सिसि क्यामेरा आवश्यक भएमा  १५ लाख रुपैया व्याबस्था गरिएको छ।

५. नेपाल सरकार, एशियाली विकास बैक, वीरगंज महानगरपालिका र नगर विकास कोषको सयुक्त लगानीमा निमार्ण भैरहेको फोहोर ब्यवस्थापन गर्ने ठाँउ (landfill site) आगामी मंसीर मसान्त भित्रमा निमार्ण सम्पन्न गर्ने लक्ष्यका साथ काम भैरहेको छ। यसको कुल लागत ५४ करोड ७५ लाख रहेका छ।

६. वीरगञ्ज महानगरपालिकाको पूर्वाधार विकासका लागि क्षेत्रीय शहरी विकास आयोजना कार्यान्वयनका लागि २ सय ३४ करोड लागतमा ठेक्का सम्झौता गरिएको छ भने परामर्शदाताको नियुक्ति प्रकृया अन्तिम चरणमा रहेको छ ।

७. सघन सहरी विकास कार्यक्रम अन्तरगत वीरगंज महानगरपालिका भित्र ५२ किलोमिटर सडक  र ढल निमार्णका कार्य शुरु भएको छ ।

८. नगर विकास कोषको ऋण सहयोगमा वीरगंजको नयाँ बसपार्क क्षेत्रमा अत्याधुनिक बसपार्क निमार्ण कार्य अन्तिम चरणमा पुगेको छ। निर्माणाधिन वसपार्क १७ करोड ७८ लाखलागतमा निमार्ण हुन लागेको हो।

९. वीरगञ्जको गौरव नेपालको प्रवेशद्वारको रुपमा रहेको शङ्कराचार्यद्वारको सौन्दर्यीकरणको कार्य अन्तिम चरणमा पुगेको छ दशैं अगावै फ्लड लाइट र डिजिटल बोर्ड राखी उद्यान सहितको प्रवेशद्वार बनाउने कार्य भैरहेको छ। त्यस क्षेत्रमा रहेको फोहोरलाई अन्यत्र विस्थापन गरी वृक्षारोपण गरिएको छ ।

### *२.५ सरसफाई तथा हरियाली प्रवर्द्धन*

१. वीरगंजको मुख्य शहरमा सरसफाईलाई प्राथमिकतामा राखी कुचिकार र नाईकेहरुलाई प्रभावकारी रुपमा परिचालन गरिएको छ। विगतको तुलनामा सरसफाईमा सुधार आएको छ र अनुभव गर्न सकिने गरी ६ महिना देखि लामखुट्टे समेत नियन्त्रण भएको छ ।

२. वीरगंज महानगर भित्रको फोहोर मैला ब्यवस्थापन गर्न नीजि क्षेत्रलाई जिम्मा दिने उद्देश्यका साथ सार्वजनीक नीजि साझेदारी (Public Private Partnership) मोडलमा फोहोर ब्यवस्थापन गर्न नीजि क्षेत्रसँग आशयपत्र माग गरिएको छ र कार्तिकको अन्तिम साता सम्ममा फोहोर मैला संकलन र ब्यवस्थापनको जिम्मा नीजि क्षेत्रलाई दिइने छ।

३. डिभाइडर लगायत नगर क्षेत्रका विभिन्न स्थानहरुमा वृक्षारोपण गर्ने कामलाई अभियानका रुपमा  अगाडी वढाईएको छ। हालसम्म महानगर क्षेत्रमा दश हजार रुखहरु रोपिसकिएको छ।

४. पोखरीहरुको सरसफाई शुरु गरिएको छ।

*२.६ संवाद, सञ्चार, सहकार्य, सशक्तिकरण र क्षमता विकास*

१. लायन्स क्लब वीरगञ्ज तथा वीरगञ्ज युवा समाजको सहकायर्मा सुशासन, समृद्धि र आर्थिक स्थायित्व, गौरवमय वीरगञ्जका लागि युवा नेतृत्व बिषयमा वीरगञ्जको भविष्यका लागि समर्पित युवाहरुसँग अन्तरक्रिया तथा उत्प्रेरणात्मक कार्यशाला गोष्ठी चलाइएको छ ।

२. वीरगञ्ज महानगरपालिकामा सुशासन र सेवाप्रवाहमा प्रभावकारिताका लागि वडा सचिवहरु तथा अधिकृत कर्मचारीहरुबीच अन्तरक्रिया र अनुशिक्षण चलाइएको छ।

३. कोरियन प्रशिक्षकहरुबाट कार्यालयका कर्मचारीहरु तथा वडाध्यक्षहरुका लागि Special Mind Education चलाई सकारात्मक सोच र सुधारका उर्जा भर्ने खालको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ।

४. महानगरवाट गरिने विकास निमार्णका कामहरुलाई पारदर्शी र तोकिएको मापदण्डमा सम्पन्न गर्न निर्माण व्यवसायीहरुसँग अन्तरक्रिया गरी गुणस्तरीयता र आर्थिक अनुशासनमा सहयोग र सहकार्य शुरु गरिएको छ।

*२.७ केही महत्वपूर्ण कार्यहरु*

१. सार्वजनिक, पर्ती र ऐलानी जग्गाहरुको संरक्षण गर्न कानूनी प्रकृयाहरु अवलम्वन गरिनुका साथै विभिन्न ठाउँहरुमा अतिक्रमण हटाउने कार्य भईरहेको छ ।

२. पशुपती आदर्श विकास समितिबाट विगतमा वितरण भएको यस महानगरपालिकाको सम्पति २१ वटा प्लटहरुको छानविन प्रकृया शुरु गरी कानूनी व्यावस्था अवलम्वन गरिएको छ ।

३. सेवाग्राहीलाई सजिलो होस भन्ने उद्देश्यका साथ महानगरपालिका भित्र सहायता कक्षको निर्माण प्रकृया अघि बढाइएको छ भने महानगरपालिका कार्यालयभित्रको वातावरणमा उल्लेख्य सुधार गरिएको छ।कार्यालय भित्र कार्यवातावरणमा सुधारका लागि पार्टिशन एवं सौन्दर्यीकरणको प्रकृया अघि बढाइएको छ।

४. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ बमोजिम न्यायिक समितिको निर्वाचन भई सो समितिले कार्य सम्पादन गरी रहेको छ ।एक बर्षको अवधिमा न्यायिक समितिमा १३८ वटा मुद्धा दर्ता भएको छ । यस अवधिमा २३ वटा मुद्धा फरफारक भैसकेका छन ।

५. नगरमा ट्राफिक ब्यवस्थालाई ब्यवस्थित गर्न घण्टाघर, मालपोल चोक र पुरानो बसपार्कमा पे पार्किङको ब्यवस्था मिलाईएको छ। वजार क्षेत्रमा हुने सवारी आवागमनलाई ब्यवस्थित गर्न जिल्ला ट्राफिक प्रहरी र नगर प्रहरीको समन्वयमा प्रयास थालिएको छ र सवारीसाधनहरुका लागि रुट र साङ्केतिक रङ्ग निर्धारण गरिएको छ।

६. महानगरक्षेत्रभित्रका सडकहरु अतिक्रमण गरी थुपारिएका निर्माण सामग्री, कवाड र सवारी साधन नियन्त्रणमा लिने प्रकृया तीव्र रुपले अघि बढाइएको छ। सडकमा छाडिएका पशु चौपायाहरु जफत गर्ने कार्य निरन्तर जारी छ।

७. गत आर्थिक बर्षका दुई तिहाई आयोजना सम्पन्न भै फरफारक समेत गरिएको र चालू आर्थिक बर्षका योजनाहरुमध्ये प्राथमिकतामा रहेका योजनाहरुको लागत इष्टिमेट तयार गर्ने कार्य प्रारम्भ गरिसकिएको छ ।

८. विपद व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोष खडा गरिएको छ र आवश्यक सामग्री खरीद प्रकृया अघि बढाइएको छ।

९. वीरगञ्ज महानगरक्षेत्रका सबै सडकहरुको कोडिङ्ग तथा डिजिटल घर नम्बर दिने कार्यको तयारी अन्तिम चरणमा पुगेको छ। विद्युतीय नक्सा प्रणाली, Government Management Information System र अनलाइन पञ्जीकरण प्रणाली लागू गर्न खरीद प्रकृया अघि बढाइएको छ।

१०. ग्रामीण वडामा नक्सा पासलाई सरलीकरण गरिएको छ। ती वडाहरुमा कृषियोग्य तथा वनमा प्रयोग भएका जमीनमा ९० प्रतिशत करछूट दिइएको छ।

११. नारायणी उपक्षेत्रीय अस्पतालमा शुद्ध खानेपानीको व्यवस्था गरिएको छ साथै सेवाग्राहीलाई सुविधा उपलब्ध गराउन टोकन प्रणाली लागु गरिएको छ।

१२. वेल्वालाई वालमैत्री घोषण गरिएको र वाँकी हकमा कूल ३९ सूचक पुरा गरी बालमैत्री घोषणा गर्ने तयारी भएको छ। यही मंसीर भित्रै महानगरभित्रका सबै वडाहरुलाई खुला दिसामुक्त बनाउने गरी आवश्यक तयारी गरिएको छ।

१३. बायोग्यासका लागि लालपर्सामा ६ विगाहा जग्गामा डिपिआर भैरहेको छ ।

१४. बर्षौंदेखि जीर्ण अवस्थामा रहेको मितेरी पुलको नेपालतर्फको खण्ड मर्मत गरिएको छ।

१५. हरिखेतान क्याम्पस अगाडी बालउद्यान तयार भै यसै हप्ता महानगरपालिकालाई हस्तान्तरण हुँदैछ। महानगरपालिकाले लिएपछि सार्वजानिक प्रयोगको लागि खुल्ला गरिने छ।

१६. आगामी आर्थिक वर्ष देखि वीरगंज महानगरपालिकालाई साक्षर वीरगंज घोषणाको लागि काम अगाडी बढाईएको छ।

### *३. वीरगंज महानगरपालिकाले पास गरेको ऐन कानुन, तथा कार्यविधिहरु*

छोटो समयमै महानगरपालिकाले देहाय बमोजिमका १२ ऐन, ३ नियमावली, ७ कार्यविधि र १ रणनीति तयार गरी लागू गरेको छः

<u>ऐनहरु</u>

१. शिक्षा ऐन २०७४

२. आर्थिक ऐन २०७५

३. आर्थिक कार्यविधि नियमित गर्ने ऐन २०७५

४. स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५

५. सार्वजनिक निजी साझेदारी ऐन २०७५

६. न्यायिक समितिको कार्यविधि सम्बन्धि ऐन २०७५

७. प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५

८. सहकारी ऐन २०७५

९. स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७५

१०. फोहोरमैला व्यवस्थापन ऐन २०७५

११. एफ.एम रेडियो ऐन २०७५

१२. आर्थिक ऐन पहिलो संशोधन २०७५

नियमावलीहरु

१. शिक्षा नियमावली २०७४

२. नगरपालिकाको कार्य विभाजन नियमावली

३. वीरगंज महानगरपालिकाको निर्णय, आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली

नगरसभाबाट पारित भएका कार्यविधिहरु

१. नगरपालिकाको बैठक संचालन कार्यविधि

२. मेयर कल्याणकारी कोष कार्यविधि

३. विज्ञापन तथा अनुदान वितरण कार्यविधि

४. राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि

५. उपभोक्ता समिति सञ्चालन कार्यविधि

६. टोल विकास समिति सञ्चालन कार्यविधि

७. करार ऐन २०७५ को कार्यविधि

८. बजार व्याबस्थापन सम्बन्धि कार्य विधि २०७५

९. सार्वजानिक सम्पति छानविन समितिको कार्यविधि  २०७५

रणनीति

१. राजस्व परिचालन रणनीति

पत्रकार मित्रहरु

वीरगंजको आर्थिक विकास, विस्तार र अभिबृद्धिका लागि दुरदर्शी बृहत्तर योजना अघि वढाउने महाअभियानमा हामी छौं। महानगरसँग प्राप्त वजेट छैन, आन्तरिक स्रोतबाट उठनुपर्ने राजश्व समेत लक्ष्य अनुसार उठाउन सकिएको छैन। नेपाल सरकारले उपलब्ध गराउने अनुदानले समेत ठूला योजना संचालन गर्न सक्ने अवस्था देखिदैन। यस्तो अवस्थामा जनसहभागितामा आधारित विकाश निमार्णका कार्यहरुलाई प्राथमितामा राखेर अगाडी बढाउनुको विकल्प छैन।आफ्नै बलबुतामा वीरगञ्जको समृद्धिको यस महाअभियानमा आम महानगरवासीको सहयोगको अपेक्षा गरेकोछु ।

वीरगंजको विकासका लागि अरुको भरपर्नु भन्दा हामीले हाम्रा आन्तरिक आम्दानीका स्रोतलाई बृद्धि गर्न जरुरी छ। जव सम्म हामी स्थानीय रुपमा आत्मनिर्भर हुदैनौ तव सम्म महानगरवासीले अपेक्षा गरेको विकास गर्न सकिदैन । महानगरपालिकाले करका क्षेत्रहरु विस्तार गर्न र सवैलाई करको दायरामा ल्याउन यसै वर्ष देखि विशेष अभियान संचालन गर्दैछ। वीरगंज महानगरपालिकाले लिएका नीतिका वारेमा आम नगरवासीलाई जानकारी नहुदाँ वाहिर गलत प्रचार हुने गरेको छ। यसमा पत्रकार साथीहरुको सहयोगको अपेक्षा गरेका छौं।

हामीले कार्यभार सम्हालेको गएको एक बर्ष हामीसँग सहकार्य गर्नुहुने सबै कर्मचारीहरु, राजनीतिक दलहरु, व्यापारिक तथा सामाजिक संघसंस्थाहरु, सञ्चारकर्मीहरु, युवावर्ग, प्रशासन तथा सबै वीरगञ्जबासीहरुमा हार्दिक धन्यवाद दिंदै भविष्यमा अझ दरिलो साथ संवाद सहयोग र सहकार्यको अपेक्षा गर्दछौं।

धन्यवाद

<u>सबै जनप्रतिनिधिहरुको तर्फबाट</u>

विजय कुमार सरावगी

नगर प्रमुख

वीरगंज महानगरपालिका

मिति २०७५ असोज १२